जि.प्र.का. झापा द.नं.६१। ०५७।०२८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - २८२ | २०८३ कात्तिक ३० गते सोमबार | Monday, 16 Nov. 2026 | मूल्य ७ /-



बास्कोटा धनञ्जय
baskota69@gmail.com

## पुस्तावादको दुष्चक्रमा हामी

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/ ९८२४९७९७८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४९०

# उदाँउदो सूर्यलाई अर्घ दिएसँगै छठ पर्व समापन

पूर्वसन्देश समाचार



**दमक/** सोमबार बेलुका दमकको रतुवाखोला किनारमा ब्रतालुहरूको भिड थियो । सबै आफ्ना आफ्ना पूजा सामग्री सहित ब्रतमा ध्यानमग्न थिए । खोला किनारमा बनाइएको पूजा मण्डपमा दियो र बात्ती बालेर आधा शरिर पानीमा डुबाएर अस्ताउँदो सूर्यलाई अर्घ चढाउँन ब्यस्त देखिन्थे । ब्रतालुहरूले उदाँउदो सूर्यको पूजाआराधना गरी अर्घ दिएसँगै छठ पर्व समापन भएको छ । पूर्वी तराईका जिल्लामा पनि छठ पर्वलाई उल्लासमय मनाइएको छ । घरआँगनदेखि नदी, खोला, पोखरी र सिँचाइका नहर किनारमा रहेका घाट सिँगारिएका थिए । तेस्रो रातदेखिनै छठका गीतले तराईका बस्ती गुञ्जायमान थिए भने ब्रतालुहरु पूजाका सामग्री बगरमा फिँजाएर रातभर जाग्रम बसेका थिए ।

झापाका मेची नदीकिनार, विर्तामोडको अदुवाखोला, माई नदीका किनार, दमकमो रतुवा मावा किनार गौरादह, गौरिगञ्ज लगायतका स्थान छठकोलागि बेहुली झै सिँगारिएका छन् । झापासहित पूर्वी तराइका जिल्लाहरू सुनसरीको सप्तकोशी नदी किनार, इटहरीको बूढीखोला, विराटनगरको सिंघीया खोलालगायत पूर्वी नेपालका विभिन्न नदी तथा जलाशयमा छठ पूजा गरिएको छ ।

छठको तेस्रो दिन बेलुका अस्ताउँदो र भोलीपल्ट उदाउँदो सूर्यलाई अर्घ दिँदै सूर्यदेव तथा छठी माताको पूजा गर्ने परम्परा अनुसार नै छठ पर्व समापन भएको हो । ठेकुवा, कसार, फलफूल, नरिवल, उखु, केरा, भोगटेलगायतका प्रसाद सूर्यदेव तथा छठी मातालाई अर्पण गरिएको छ ।

पर्वका अवसरमा ब्रतालुहरुले परिवारको सुख, शान्ति, सुस्वास्थ्य, सन्तान प्राप्ति तथा सन्तानको दीर्घायु र समृद्धिको कामना गर्दै अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरी अर्घ दिएर छठ पर्व मनाउने चलन छ ।

पर्वको मुख्य दिन अर्थात तेस्रो दिन सूर्यदेवको आराधना, उपासना र पूजा गरी उल्लासपूर्वक मनाइयो । मिथिलाञ्चलमा विशेष पर्वको रूपमा मनाईने छठ पछिल्लो समय तराई मधेशका अन्य जिल्लाहरूका साथै काठमाडौं उपत्यका र पहाडी जिल्लाहरूमा समेत मनाउन थालिएको छ ।

छठ पर्व कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाउने गरिन्छ । छठका ब्रतालुले कात्तिक शुक्ल चतुर्थीदेखि नै चोखो खानपान गरी शुद्ध भएर बस्ने गर्छन् ।

ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतका अनुसार द्रौपदीसहित पाँच पाण्डव

बाँकी ४ पेजमा ▸▸

# 'सरकार सबै धर्म र संस्कृतिको संरक्षण गर्छ'



**दमक/** प्रधानमन्त्री बालेन्द्र शाहले सरकार सबै धर्म, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको बताएका छन् । प्रकृति र आस्थाको पर्व छठको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गरेका हुन् ।

सन्देशमा उहाँले छठका माध्यमबाट हामीलाई जीवनको एक गहिरो दर्शन सिकाउने उल्लेख गरे । "भगवान् सूर्यदेव र छठी माताको आराधनाका साथ परिवारको सुख, शान्ति, आरोग्य र सन्तानको दीर्घायुको कामना गर्दै यो पर्व मनाइन्छ", उनले सन्देशमा भनेका छन्, "जहाँ उदाउँदो सूर्यलाई भँै अस्ताउँदो सूर्यलाई पनि उत्तिकै श्रद्धा र सम्मानका साथ अर्घ्य दिइन्छ । यसले प्रकृतिप्रतिको कृतज्ञता र जीवनका हरेक अवस्थालाई सम्मान गर्ने प्रेरणा दिन्छ ।"

चार दिनसम्म विधिपूर्वक मनाइने यस पर्वको पहिलो दिन नहाय-खाय, दोस्रो दिन खरना, तेस्रो दिन साँझ अस्ताउँदो सूर्यलाई र चौथो दिन बिहान उदाउँदो सूर्यलाई जलाशयको किनारमा अर्घ्य दिइने परम्परा प्रधानमन्त्रीले सन्देशमा स्मरण गरेका छन् । प्रधानमन्त्री शाहले छठ पर्वले हामी सबैमा सकारात्मक ऊर्जा भर्दै देशमा सुशासन, सामाजिक न्याय र समृद्धिको संकल्प पूरा गर्न प्रेरणा प्रदान गरोस् तथा भगवान् सूर्यदेव र छठी माताको कृपा हामी सबैमाथि सधैं बनिरहोस् उल्लेख छ ।

# तमोर कोरिडोरले राँके बजारको व्यापार घटायो

**पाँचथर/** तमोर कोरिडोर सडकबाट ताप्लेजुङ जाने यात्रुको संख्या बढेपछि मेची राजमार्गस्थित पाँचथर-इलाम सीमावर्ती राँके बजारको व्यापार घटेको छ । मेची राजमार्गमा यात्रा गर्ने यात्रु तथा पाथीभरा दर्शनका लागि जाने तीर्थयात्री राँके बजारका मुख्य ग्राहक हुन् । तर धरानबाट धनकुटाको भेडेटार हुँदै तमोर कोरिडोरबाट ताप्लेजुङ पुग्ने यात्रुको सत्या बढेपछि बजारमा ग्राहक घटेका हुन् ।

स्थानीय व्यवसायी सुमन पौडेलका अनुसार पछिल्ला तीन वर्षदेखि राँके बजारमा ग्राहकको सत्या निरन्तर घटिरहेको छ । उनले विगतको तुलनामा व्यापार करिब ६० प्रतिशतले घटेको बताए ।

अर्की व्यवसायी निशा श्रेष्ठले पनि कोरोना महामारीपछि व्यापारले पुराने गति लिन नसकेको बताइन् । राँके बजार व्यवस्थापन समितिका अध्यक्ष श्री विष्टले सडकको पहुँच विस्तारसँगै महँगी र यस वर्ष दसैँमा पाथीभरा दर्शनार्थीको सत्या घट्नुले पनि व्यापार प्रभावित भएको बताए ।

पाँचथरको फाल्गुनन्द गाउँपालिका र फिदिम नगरपालिका तथा इलामका देउमाइ नगरपालिका

बाँकी ४ पेजमा ▸▸

# 'मौलिक चाडपर्वको संरक्षण साझा दायित्व'



**दमक/** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले छठ पर्वका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको कामना गरेका छन् । यस अवसरमा आज शुभकामना सन्देश जारी गर्दै उनले बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक समाजमा मौलिक चाडपर्वको संरक्षण र संवर्द्धन सबैको साझा दायित्व भएको बताएका छन् ।

# सहिदलाई सम्झिँदै काँग्रेस नेता सिटौला

**दमक/** नेपाली कांग्रेसका नवनिर्वाचित केन्द्रीय सदस्य मेदनीप्रसाद सिटौलाले लोकतन्त्र प्राप्तिका लागि जीवन आहुति दिने सहिदहरूको सपना साकार पार्नु र उनीहरूले देखाएको बाटोमा अघि बढ्नु अहिलेको पुस्ताको दायित्व भएको बताएका छन् । वर्तमान सरकारले अलोकतान्त्रिक चरित्र देखाउन थालेको भन्दै लोकतन्त्रका उपलब्धि र नागरिकका अधिकारमाथि हुने कुनै पनि प्रहारविरुद्ध खबरदारी गर्नुपर्ने धारणा राखे ।

नेपाली कांग्रेसको भखैरै सम्पन्न १५औं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भएपछि पहिलो पटक गृह जिल्ला झापाका सहिदहरूको सालिकमा पुगेर माल्यार्पण गर्दै नेता सिटौलाले यस्तो बताएका हुन् ।

सिटौलाले झापाको अर्जुनधारा नगरपालिका-६ मा रहेको २०६२/०६३ को जनआन्दोलनका सहिद राजन गिरीको सालिक, भद्रपुरस्थित मेची बहुमुखी क्याम्पस परिसरमा रहेको सहिद राम थापाको सालिक तथा कनकाई नगरपालिकामा रहेको प्रजातन्त्र सेनानी तुर्सा हेमरमको सालिकमा माल्यार्पण गरे ।

सहिदहरूको सम्मानसँगै पार्टीका अग्रज नेताहरूसँगको भेटघाटलाई पनि प्राथमिकता दिनुभएका सिटौलाले अग्रजहरूको संघर्ष, त्याग र अनुभवबाट नयाँ पुस्तालै प्रेरणा लिनुपर्ने बताए ।

यसैबीच नवनिर्वाचित केन्द्रीय सदस्य सिटौलालाई नेपाली कांग्रेस कोशी प्रदेश सभापति तथा

बाँकी ४ पेजमा ▸▸

# कारको ठक्करबाट मृत्यु

**दमक/** झापाको शिवसताक्षी नगरपालिका-८ बुद्धचोकमा कारको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । शनिवार साँझ करिब ५:१५ बजेको समयमा पूर्वपश्चिम राजमार्गस्थित शिवसताक्षी नगरपालिका -८ बुद्धचौकमा पूर्वबाट पश्चिमतर्फ जाँदैगरेको प्रदेश ३-०१-०२४ च ८०३५ नम्बरको कारले विपरित दिशातर्फ जादै गरेको मे ३ प ३३४ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । ठक्करबाट मोटरसाइकल चालक झापा बुद्धशान्ति गाउँपालिका -३ निवासी २१ बर्षीय सहित गजमेर गम्भीर घाइते भएका थिए । घाइत गजमेरको उपचारको क्रममा विर्तामोडस्थित विएण्डसी अस्पताल बिर्तामोडमा मृत्यु भएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# दुई बस ठोक्किँदा तीनजना घाइते

**ताप्लेजुङ/** ताप्लेजुङको पाथीभरा याङ्वरक गाउँपालिका -१ खहरेस्थित मेची राजमार्गमा दुईवटा बस एकआपसमा ठोक्किँदा तीन जना घाइते भएका छन् । ताप्लेजुङबाट झापातर्फ जाँदै गरेको प्रदेश ३-०१-००६ ख ०५९६ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको बागमती प्रदेश ०१-००६ ख ५६५८ नम्बरको बस एकआपसमा ठोक्किएर दुर्घटना भएको हो ।

दुर्घटनामा परी तीन जना महिला घाइते भएका जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ । घाइते हुनेमा भक्तपुर नगरपालिका -३ वंशगोपालकी ४८ वर्षीया लक्ष्मी सोनेप, सूर्यविनायक नगरपालिका -६ फलाटेकी ३८ वर्षीया सुनिता सोह्रखिमा र काठमाडौंको तारकेश्वर नगरपालिका -४ की ४७ वर्षीया सुनिता कटुवाल रहनुभएको छ ।

**BIG DIGITAL**

**कर्मचारी आवश्यकता**

BIG DIGITAL दमकको लागि केही दक्ष तथा अनुभवी कर्मचारी आवश्यक रहेको हुँदा इच्छुकले सम्पर्क गर्न सक्नु हुने छ।

सेल्समयान २ जना
सेल्स असिस्टेन्ट २ जना

योग्यता :
- सम्बन्धीत काममा दक्ष

आवश्यक कागजातहरु :
1. नागरिकता वा मतदाता परिचय पत्रको प्रतिलिपि
2. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
3. सम्बन्धित कामको योग्यताको प्रमाणपत्र तथा इस्त लिखित निवेदन

पारिश्रमिक :
- सेल्समयान : रु. २६,०००/-
- असिस्टेन्ट : रु. १५,०००/-

सेवाको किसिम : करार सेवा (२ वर्ष अवधी)

सम्पर्क मिति : २०८३ कार्तिक २७ गतेदेखि मङ्सिर ५ गतेसम्म

परीक्षाको किसिम : प्रमाण पत्र तथा योग्यताको आधारमा अन्तरवार्तामा बोलाईने छ।

arambha.computer@gmail.com
023-576246
9852676246

**BIG DIGITAL**
दमक, झापा

# सम्पादकीय

## सरकारको स्थायित्व आजको प्रमुख आवश्यकता

कुनै पनि लोकतान्त्रिक व्यवस्थामा सरकारको स्थायित्व, राजनीतिक दलहरुबीचको आपसी विश्वास र जनताको अपेक्षाअनुसारको कार्यसम्पादन अत्यन्त महत्वपूर्ण विषय हुन् । विशेषगरी जनआन्दोलन र परिवर्तनको आकांक्षाबाट स्थापित राजनीतिक परिस्थितिमा सरकारप्रति जनताको अपेक्षा अझ बढ्ही हुन्छ । त्यसैले वर्तमान सरकारका लागि आपसी अविश्वास, आशंका र राजनीतिक विवादबन्द्य पनि साझा उद्देश्य प्राप्तिमा केन्द्रित हुनु आजको आवश्यकता हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले सरकार र दलबीचका विभिन्न विषय सार्वजनिक रुपमा उठाउँदै आए पनि सरकार र दलबीच अथवा रवि लामिछाने र बालेनबीच कुनै मतभिन्नता नरहेको कुरा बारम्बार स्पष्ट पार्दै आएका छन् । उनले छैठ पर्वको अवसरमा जनकपुरधाम पुगेर शनिबार मधेसलाई सम्बोधन गर्दै पुनः सोही विषयलाई महत्व दिएका छन् । यसले राजनीतिक रुपमा देखिएका कतिपय आशंका र चर्चालाई चिर्ने प्रयास गरेको देखिन्छ । तर राजनीतिक नेतृत्वले मुखले एकता र सहकार्यको सन्देश दिनु मात्र पर्याप्त हुँदैन । व्यवहार, निर्णय प्रक्रिया र कार्यशैलीमा समेत त्यसको प्रतिबिम्ब देखिनु आवश्यक छ ।

वर्तमान सरकारको मुख्य लक्ष्य जनताले दिएको जनादेशको सम्मान गर्नु र जेनजी आन्दोलनले उठाएका माग तथा परिवर्तनका आकांक्षालाई सम्बोधन गर्नु हो । सुशासन, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, जवाफदेहिता र सार्वजनिक सेवामा सुधारजस्ता विषय सरकारको प्राथमिकतामा पर्नुपर्छ । जनताले परिवर्तनका लागि दिएको समर्थन कुनै व्यक्ति वा दल विशेषको राजनीतिक स्वार्थ पूरा गर्नका लागि होइन, समग्र देशको राजनीतिक, आर्थिक र प्रशासनिक प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनका लागि हो । सरकारभित्र रहेका राजनीतिक शक्ति र नेतृत्वबीच सानातिना मतभेद हुनु अस्वाभाविक होइन । तर ती मतभेदलाई सार्वजनिक आरोपप्रत्यारोप र शक्ति संघर्षको विषय बनाउनु हुँदैन । विचार र कार्यशैलीमा फरक हुन सक्छ, तर राष्ट्रिय उद्देश्य र जनताको हितमा एकमत हुन सक्नुपर्छ । रवि लामिछाने र बालेनबीचको सहकार्य पनि व्यक्तिकेन्द्रित नभई नीतिकेन्द्रित र परिणाममुखी हुन आवश्यक छ ।

सरकारको स्थायित्व भनेको कुर्सी जोगाउने प्रयास मात्र होइन, जनताको विश्वास जोगाउने जिम्मेवारी पनि हो । नेतृत्वबीचको एकता, स्पष्ट कार्ययोजना र प्रभावकारी कार्यान्वयनबाट मात्रै सरकारप्रति जनताको भरोसा कायम रहन सक्छ । अतः अहिलेको आवश्यकता एकअर्काप्रति शंका गर्ने, आरोप लगाउने वा राजनीतिक दूरी बढाउने होइन, साझा प्रतिबद्धताका साथ अघि बढ्ने हो । जनादेश र जेनजी आन्दोलनको भावनालाई आत्मसात् गर्दै सरकार स्थिर, जिम्मेवार र परिणाममुखी बन्न सके मात्रै परिवर्तनको औचित्य पुष्टि हुनेछ । सरकारको सफलता नै राजनीतिक नेतृत्वको वास्तविक परीक्षा हो ।

समयचक्र

# पुस्तावादको दुष्चक्रमा हामी



✍ बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**आफ्ना पतिको वीरताको प्रशंसा र मृत शरीरको दर्शनले समेत उनको आँसु झर्दैन । तर जब उनको शिशुलाई काखमा राखिन्छ, तब उनको हृदयमा थुनिएर रहेको दुःख आँसु भेल बनेर पोखिन्छ । र मातृत्व नै उनको जीवन बाँचिरहने आधार बन्छ ।**

संधै एउटा प्रश्न अनुत्तरित भएर आउँछः हामी पाका मान्छेहरुलाई हेरेर कि बच्चाहरुलाई हेरेर मुलुकमा योजना बनाउँछौं ? अर्थात्, कसका लागि योजना बनाएर अघि बढ्नु पर्ने हो शासकवर्गले: बच्चाका लागि कि बृद्धहरुका लागि ? ती योजना कसले बनाउने हो? तिनको मनोविज्ञान कसले बुझिदिनु पर्ने होः युवाले कि बृद्धले ? यसमा धेरै अलमल देखिरहेको छु म अहिले ।

हाम्रो संस्कार अनुसार आमीले आफूभन्दा सानालाई मायाँ र ठूलालाई सम्मान भनेर सिकेका छौं । तर यो पनि अमूर्त कुरा हो । मायाँ भनेको के हो ? तिनलाई एउटा मिठो ललीपप तिनका हातमा थमाउनु हो ? जिब्रो पड्काउने एउटा चिप्स किनिदिने हो ? बजारमा लगेर छान्न लगाएर फेन्सी लुगा किनिदिने हो ? वा कतै घुमाउन लगेर रमाइला ठाउँहरु घुमाउने हो ? के हो मायाँ भनेको ?

त्यो पनि थाहा छैन ? तर यस्तै यस्तै कर्मलाई हामीले 'मायाँ' भनेका छौं ।

अनि सम्मान भनेको के हो ? भेट्दैपिच्छे ननम गर्नु हो ? मन परेका एक जोर लुगा किनेर दिनु हो ? खान दिएर घरमा दिनभर कोठामा एक्लै छोडेर आफू बाध्यताले काममा जानु के हो ? तिनलाई कुन अस्पतालमा उपचार गर्नु, कुन औषधी कतिबेला खुवाउनु, भात कस्तो पकाउनु, आफन्तजनसंग कहिले र कहाँ भेट गराउनु हो ?

यस्तै यस्तै कर्मलाई हामीले 'सम्मान' भनेका छौं ।

अनि हामीलाई थाहा छ, यो समाजले बच्चाको बारेमा सोच्दा 'उँधो मायाँ' भनेर गाली गरिन्छ । तर मायाँ कताः उँधो कि उँभो ? यो पनि थाहा छैन ।

खासमा मायाँ दुबैतिर चाहिन्छ । बुढो रुखलाई पनि संरक्षण चाहिन्छ । बिरुवालाई पनि संरक्षण चाहिन्छ । संरक्षणमा बढी खर्च कुनमा गर्ने ? किन गर्ने ? यसमा पनि ठूलो अलमल छ । र यो बहसको विषय बनेको छ आज संसारभर ।

अब तुलनात्मक रुपले हेर्दा पश्चिमाहरुको सोच अलिक फरक छ ।

सर्वप्रथम, बेलायती कवि अल्फ्रेड लर्ड टेनिसनको कविता 'होम दे ब्रट ह वेरियर डेड' (घर ल्याइयो उनको वीर पतिको पार्थिव शरीर) बाट विषयको उठान गर्न मन लाग्यो । टेनिसनको यो कविता २ सय बर्षदेखि सबैभन्दा धेरै पढिएको कविता पनि हो ।

के छ त यो कवितामा ? मैले नेपालीमा उल्था गरेर राखेको छु यहाँ । देशको योजना बनाउँदा कसलाई हेरेर बनाउने भन्ने एउटा सानो दृष्टान्त पनि हो, यो एउटा महान दस्ताबेज पनि हो राज्यको नीति बनाउनेहरुका लागि । कविता यस्तो छः

*घर ल्याइयो उनको वीर पतिको पार्थिव शरीर,*
*न मूर्छित भइन् उनी, न निस्कियो कुनै चीत्कार ।*
*चारैतिर थिए सखीहरु, उनलाई नियाल्दै,*
*भन्थे- 'रूनैपर्छ उनले, नत्र प्राणै जानेछ यसै ।'*

*त्यसपछि गरे तिनले वीरको प्रशंसा मृदु स्वरमा,*
*प्रेमील थिए उनी, गरे अनेकौं गुणगान ।*
*परम मित्र, श्रेष्ठतम शत्रु, अद्वितीय साहसी,*
*तैपनि उनी न बोलिन्, न चलिन्, न देखाइन् कुनै भावसी ।*

*चुपचाप उठिन एक सखी आफ्नो स्थानबाट,*
*बढिन् बिस्तारै वीरको पार्थिव शरीरतिर ।*
*अनुहार ढाकेको सेतो वस्त्र हटाइदिइन्,*
*तर उनी न चलिन्, न आँखाबाट आँसु नै झारिन् ।*

*त्यसै बेला उठिन् नब्बे वर्षकी वृद्ध धाई,*
*उनको शिशुलाई राखिन् आफ्नै काखमा ल्याइ ।*
*ग्रीष्मको आकस्मिक आँधीझैं आँसु बर्सिए उनमा-*
*"मेरो प्यारो शिशु! म बाँच्छु अब तिम्रै साथमा ।"*

यस कविताले युद्धमा पति गुमाएकी एउटी नारीको गहिरो शोकको कथा पस्किएको छ । एउटी श्रीमतिले कतिसम्म आफ्नो पीडालाई कसरी सहन गर्न सक्छे भनेर देखाइएको छ । श्रीमान गुम्दाको त्यो पीडाभन्दा शक्तिशाली हुँदोरहेछ मातृत्वको भाव । पतिको मृत्युको खबरले उनी बाहिरबाट निःशब्द र भावशून्य देखिन्छिन् । आफ्ना पतिको वीरताको प्रशंसा र मृत शरीरको दर्शनले समेत उनको आँसु झर्दैन । तर जब उनको शिशुलाई काखमा राखिन्छ, तब उनको हृदयमा थुनिएर रहेको दुःख आँसु भेल बनेर पोखिन्छ । र मातृत्व नै उनको जीवन बाँचिरहने आधार बन्छ ।

कुरा यत्ति हो ।

तर कुरा यत्ति होइन ।

ती महिलाले देखाएको 'पुस्तावाद' (जेनेरेसनिजम्) एउटा अदभूत चिन्तन र दृष्टान्त हो । यही पदावलीको अर्थ नबुझेर मान्छे आज पनि हल्का टिप्पणीमै आनन्द मनाइरहेका छन् ।

ती महिलाको जेनेरेसनिजम् ( पुस्तावाद) एउटा बिम्ब हो । मिथक हो । विचार हो । आज देशको नीति निर्माणकर्ताहरुले, राजनीति खुब जान्दछौं भन्नेहरुले पनि पढ्ने पर्ने कविता हो यो । र लाग्छ, यी देश बनाउँछौं भनेर सिंहदरवार पस्नेहरु सबै यो कविताकी महिला हुन् । ती महिलाले सोचे जस्तै यी 'सिंहदरवारवासी' ले पनि देशको बारेमा सोच्दा, नीति निर्माण गर्दा कसलाई सम्झने हो भनेर एउटा बाटो देखाइदिएको छ यो कविताले । भविष्यको बारेमा सोच्नु, वर्तमानको बारेमा मात्रै होइन । भविष्य महत्वपूर्ण हुन्छ बर्तमानभन्दा पनि । तर हामी उल्टो गर्छौं । अगाडिको भाग मात्रै हेर्छौं । 'पछि त देखिजाला' भन्ने उखानमा बाँचेको समाजले यो कवितालाई बुझ्दैन । मान्दैन पनि । किनभने ती महिलालाई लाग्यो, जीवनको लागि भविष्य महत्वपूर्ण हुन्छ । अर्थात उनको बच्चो महत्वपूर्ण हुन्छ । त्यसको सुन्दर भविष्यमा मात्रै आफ्नो र परिवारको पनि सुन्दर भविष्य निर्माण हुन्छ ।

अहिले म देखिरहेको छु, पुराना दलका अतिनै पाका नेताहरु यो देशको उज्वल भविष्य आफैले मात्रै कोर्न सक्ने, र अहिलेका युवाहरुले नसक्ने कुरा गर्छन् । तिनको लक्ष देशको भविष्य उज्वल बनाउने भन्दा पनि आफू कुर्सीमा बस्ने र राज्यसंयन्त्रको दुष्प्रयोग गरेर कुर्सीमै मर्ने सपना पूरा गर्न नपाएर पानीविना छटपटिएको माछो भएका छन् । त्यही भएर जनादेश पाएको सरकारका बिरुद्धमा आन्दोलन गर्ने, सरकार ढाल्ने, तत्तासाफ पार्ने, नामनिशाना मेट्ने, गिराउने जस्ता अमर्यादित शब्दहरुमा रमाइरहेका छन् । अनि त्यसैमा आनन्दित हुन कार्यकर्ताहरुलाई बहकाइरहेका छन् । हरेक मानिसको मनोविज्ञान भनेको आफ्नो उमेरअनुसारको हुन्छ । त्यही मनोविज्ञानले उसको दिमागमा घर गरेको हुन्छ । अनि त्यही घरले उसलाई तत् तत्को कर्म गर्न प्रेरित गरिरहन्छ । अब प्रश्न उठ्छ, उसोभए युवाहरुको मनोविज्ञान युवाहरुले नै बुझ्छन् कि पाकाहरुले ? देशमा पाकाहरुको लागि काम गर्नु पर्ने कि युवाहरुको लागि ? देश पाकाहरुले निर्माण गर्ने हो कि युवाहरुले ? परिवर्तन पाकाहरुलाई थाहा हुन्छ कि युवाहरुलाई ? भविष्य जिउने पाकाहरुले हो कि युवाहरुले ?

यस्ता अनेकौं प्रश्नहरु अनुत्तरित छन् । उदारण दिनेहरुले ट्रम्प, सि जिन पिन, नरेन्द्र मोदीको उदारण दिन्छन् । तर ती सबै अब बिदावारी हुने संघारमा छन् । तैपनि हामीलाई आनन्द छैन किनभने हाम्रा बयोबृद्ध नेता रिटायर्ड हुनेभए । अपवादमा यदि कुनै युवाले यो यथार्थलाई बदल्न खोजेभने तिनलाई गगन थापा बनाइदिन्छन्, जसको अहिले निद हराम भइरहेको छ पाका नेताहरुबाट ।

यहि भएर मैले टेनिसनको यो कविता मन पराएँ ।

- दमक

## पाठक पत्र

# प्रचारका नाममा पत्राउको नाटक

*सम्पादकज्यू,*

*चलचित्रको प्रचार गर्ने नाममा जे पनि गर्न पाइन्छ? काठमाडौंको रञ्जना सिनेमा हलमा शनिबार बिहान देखिएको दृश्यले यो प्रश्न उठाएको छ । हास्य झुम्रा चलचित्र 'क का कि की' को ट्रेलर सार्वजनिक कार्यक्रम चलिरहेका बेला प्रहरीको पोसाकमा आएका सुरक्षाकर्मीले अभिनेत्री गौरी मल्लसहित कलाकार तथा निर्माण टोलीका सदस्यलाई नियन्त्रणमा लिएर बाहिर निकाले । सुरुमा हेर्ने जोकोहीलाई यो वास्तविक पक्राउजस्तै लाग्थ्यो । तर पछि खुल्यो(त्यो त चलचित्रको प्रचारका लागि निर्माण पक्षले योजनाबद्ध रुपमा तयार पारेको नाटकीय प्रस्तुति रहेछ । घटना वास्तविक नभएको थाहा पाएपछि पनि यसको औचित्यमाथि प्रश्न उठ्न जरूरी छ । किनकि प्रहरी पक्राउ, नियन्त्रण र सार्वजनिक स्थलमा गरिएको कारबाही कुनै सामान्य मनोरञ्जनका दृश्य मात्र होइनन् । यस्ता दृश्यले नागरिकमा त्रास, अन्योल र गलत सूचना फैलाउन सक्छन् । विशेषगरी सामाजिक सञ्जालको तीव्र प्रभाव रहेको अहिलेको समयमा कुनै घटनाको पूरा तथ्य नबुझी भिडियो र तस्बिर भाइरल हुने तथा त्यसकै आधारमा धारणा बनाउने प्रवृत्ति बढेको छ ।*

*यस घटनामा पनि वास्तविकता नबुझ्दै सामाजिक सञ्जालमा विरोधका स्वर सुनिए । धरानका मेयर हर्क साम्पाङसहित विभिन्न व्यक्तिले घटनाबारे असन्तुष्टि जनाउँदै प्रतिक्रिया दिएका थिए । उनीहरुका प्रतिक्रिया र विरोधको पछाडि पनि सार्वजनिक स्थमा देखिएको प्रहरी कारबाहीको दृश्यले उत्पन्न गरेको भ्रम र चिन्ता थियो । तर पछि त्यो चलचित्रको प्रचारका लागि गरिएको नाटकीय प्रस्तुति भएको स्पष्ट भयो । यसले एउटा महत्वपूर्ण प्रश्न जन्माएको छ(कुनै विषयको सत्यतथ्य नबुझी सामाजिक सञ्जालमा प्रतिक्रिया दिनेहरु जिम्मेवार हुनुपर्छ कि पर्दैनन्? त्यस्तै, भ्रम फैलिने गरी प्रचार गर्ने निर्माण पक्ष पनि आं नो जिम्मेवारीबाट उम्कन मिल्छ?*

*कलाकार र चलचित्र निर्माण टोलीलाई प्रचार गर्न पाउने अधिकार छ । नयाँ शैली अपनाउने, दर्शकको ध्यान खिच्ने र चलचित्रप्रति कौतूहल सिर्जना गर्ने प्रयासलाई अस्वाभाविक भन्न मिल्दैन । तर प्रचारको शैलीले समाजमा भ्रम, त्रास वा गलत सन्देश फैलाउनु हुँदैन । प्रहरीको नाम, पोसाक र पक्राउको शैली प्रयोग गर्दा त्यसले सार्वजनिक सुरक्षासम्बन्धी संवेदनशीलता पनि ख्याल गर्नुपर्छ ।*

*चलचित्रको प्रचारका लागि यसअघि कलाकारहरु बन्दुक बोकेर सार्वजनिक कार्यक्रममा पुगेको प्रसंग पनि आएको थियो । यस्ता गतिविधिले क्षणिक चर्चा त दिलाउलान्, तर प्रचार र गैरजिम्मेवार प्रदर्शनबीचको सीमा मेटिन दिनु हुँदैन । दर्शकलाई आकर्षित गर्ने नाममा वास्तविक जीवनका संवेदनशील घटनाको नक्कल गर्दा त्यसको सामाजिक प्रभावबारे पनि सोच्नुपर्छ । अर्कोतर्फ, सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि कुनै दृश्य वा सूचनालाई तत्काल सत्य मानेर प्रतिक्रिया दिनु उचित हुँदैन । आधिकारिक पुष्टि र घटनाको पृष्ठभूमि नबुझी व्यक्त गरिने आक्रोशले गलत सूचना फैलाउन र अनावश्यक विवाद सिर्जना गर्न सक्छ । सार्वजनिक व्यक्तित्वले प्रतिक्रिया दिँदा झन् बढी जिम्मेवारी देखाउनुपर्छ । त्यसैले यस घटनाबाट चलचित्रकर्मी र सामाजिक सञ्जाल प्रयोगकर्ता दुवैले पाठ सिक्न आवश्यक छ । प्रचारका नाममा भ्रम सिर्जना गर्नु उचित होइन, र भ्रममा परेर तथ्य नबुझी विरोध गर्नु पनि जिम्मेवार व्यवहार होइन । अभिव्यक्ति र सिर्जनात्मक स्वतन्त्रता आवश्यक छन्, तर ती स्वतन्त्रतासँगै सामाजिक उत्तरदायित्व पनि उतिकै महत्वपूर्ण छ ।*

# सार्वजनिक यातायातको नियमनमा कडाई आवश्यक

■ अंकित भट्टराई

भीमफेदीको चिसापानी ओरालोमा भएको दर्दनाक सवारी दुर्घटना केवल एउटा गाडी दुर्घटनामा परेको घटना होइन, यो नेपालको सार्वजनिक यातायात व्यवस्थापन, ट्राफिक प्रहरीको निगरानी र सरकारी नियमन प्रणालीमाथिको गम्भीर प्रश्न हो । एकै परिवारका छ जनासहित १४ जनाको ज्यान गएको यस घटनाले कयौं परिवारको खुसी सदाका लागि खोसेको छ । छठ पर्व मनाउन घर फर्किएका यात्रुका लागि यात्रा नै जीवनको अन्तिम यात्रा बन्न पुग्यो । आखिर यस्तो कहिलेसम्म ?

काठमाडौंबाट सर्लाही जाँदै गरेको विद्युतीय हाइस पाँच स्थानका चेकिङ पार गर्दै भीमफेदी(देउराली सडकखण्डको चिसापानी ओरालोमा दुर्घटनाग्रस्त भएको प्रारम्भिक विवरणले सार्वजनिक यातायातको निगरानी प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ । पाँच ठाउँमा चेकिङ हुँदा पनि क्षमताभन्दा बढी यात्रु बोकेको सवारी कसरी अघि बढ्यो ? चालक थकित थियो भने कसले रोकेन ? सवारीले पर्याप्त विश्राम पाएको थिएन भने त्यसको निगरानी गर्ने निकाय कहाँ थियो ? चेकपोस्ट केवल सवारी रोक्ने औपचारिकता पूरा गर्ने ठाउँ हो कि यात्रुको जीवन जोगाउने जिम्मेवारी बोकेको निकाय ?

ट्राफिक प्रहरीको जिम्मेवारी सडकमा सवारीसाधनको कागजात र गति जाँच्नुमै सीमित हुनु हुँदैन । क्षमताभन्दा बढी यात्रु, अवैध सामान, चालकको थकान, तीव्र गति र नियमविपरीत सञ्चालन हुने सवारीमाथि कडा कारबाही हुनुपर्छ । चेकपोस्टमा खटिएका कर्मचारीले आफ्नो जिम्मेवारी पूरा गरे कि गरेनन् भन्ने पनि अनुसन्धानको विषय बन्नुपर्छ । नियम उल्लङ्घन गरेर अघि बढेको सवारीले दुर्घटना निम्त्याएपछि मात्रै छानबिन समिति गठन गर्नु पर्याप्त जवाफदेहिता होइन ।

सडक दुर्घटना न्यूनीकरणका लागि सरकार, ट्राफिक प्रहरी, यातायात व्यवसायी, चालक र यात्रु सबै जिम्मेवार बन्नुपर्छ । चालकलाई पर्याप्त विश्राम नदिई लामो दूरीको यात्रा गराउनु व्यवसायीको गम्भीर लापरबाही हो । चालकले निद्रा लागेको अवस्थामा सवारी चलाउनु हुँदैन । मोबाइलमा कुरा गर्ने, सन्देश हेर्ने, मादक पदार्थ सेवन गरेर सवारी चलाउने र तीव्र गतिमा गाडी हुइँक्याउने प्रवृत्तिको अन्त्य हुनुपर्छ । सवारी चलाउँदा सडक र मौसमको अवस्था हेरी गति नियन्त्रण गर्नु अनिवार्य छ ।

त्यस्तै, यात्रुहरुले पनि आफ्नो जिम्मेवारी बुझ्नुपर्छ । सिट क्षमताभन्दा बढी यात्रु राख्न खोज विरोध गर्नुपर्छ । चालकले मोबाइल चलाएको, अस्वाभाविक गति लिएको वा जोखिमपूर्ण तरिकाले सवारी चलाएको देखे तत्काल खबरदारी गर्नुपर्छ । सार्वजनिक यातायात चढ्दा सवारीको अवस्था, यात्रु क्षमताको ख्याल र आधिकारिक टिकट लिने बानी बसाल्नुपर्छ । सिटबेल्ट उपलब्ध भएका सवारीमा अनिवार्य प्रयोग गर्नुपर्छ । यात्रु चुप लागेर बस्ने होइन, आफ्नो सुरक्षाका लागि आवाज उठाउने संस्कार विकास गर्नुपर्छ ।

सरकारले पनि सडक सुरक्षालाई प्राथमिकतामा राख्नुपर्छ । सडकका जोखिमपूर्ण मोडमा सुरक्षा बार, चेतनामूलक सङ्केत, गति सीमा, पर्याप्त प्रकाश र आवश्यक पूर्वाधार निर्माण गर्नुपर्छ । टाइम कार्ड प्रणालीलाई प्रभावकारी बनाउँदै चालकको विश्राम, सवारीको प्राविधिक अवस्था र यात्रुको विवरण अनिवार्य जाँच गर्नुपर्छ । विद्यालयदेखि समुदायसम्म सडक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । चाडपर्व र लामो बिदाका समयमा यात्रुको चापअनुसार विशेष ट्राफिक निगरानी परिचालन गर्नुपर्छ ।

मकवानपुर प्रशासनले पाँच सदस्यीय छानबिन समिति गठन गरी सात दिनभित्र प्रतिवेदन बुझाउने तयारी गर्नु सकारात्मक कदम हो । तर प्रतिवेदन सार्वजनिक गर्ने, दोषी पहिचान गर्ने र कारबाही गर्ने काम पनि उत्तिकै महत्वपूर्ण छ । भीमफेदीको घटनाले देशभर सार्वजनिक यातायात सञ्चालन र निगरानीको एउटै कडा मापदण्ड आवश्यक रहेको स्पष्ट पारेको छ ।

चौध जनाको मृत्यु भएपछि मात्रै सरकार ब्युँझिने हो भने अर्को दुर्घटनाको पालो कुन सडकको हो भन्ने प्रश्न बाँकी रहन्छ । सडक दुर्घटना भाग्यको खेल होइन, धेरैजसो अवस्थामा लापरबाही, कमजोर व्यवस्थापन र नियम उल्लङ्घनको परिणाम हो । यात्रुको जीवन कुनै व्यवसायीको नाफा र कुनै निकायको उदासीनताभन्दा सस्तो हुन सक्दैन । अब शोक वक्तव्य होइन, परिणाममुखी कार्यान्वयन चाहिन्छ । सडकमा यात्रा गर्ने प्रत्येक नागरिक सुरक्षित घर फर्किन पाउने अधिकारको सुनिश्चितता राज्यको पहिलो दायित्व हो । यद्यपि नागरिकको सचेतना उत्तिकै आवश्यक छ ।

# छठ पर्वले बढायो केराको माग



दमक/ छठ पूजामा अनिवार्य मानिने केरा र स्याउको व्यापार उल्लेख्य बढेको छ । फलफूल व्यवसायी सङ्घका अनुसार छठले केरा र स्याउको कारोबार बढेको हो । अन्य समयको तुलनामा छठमा केरा र स्याउको व्यापार बढी हुने गरेको हो। छठ पूजाका लागि फलफूल आवश्यक पर्ने हुँदा उपत्यकासँगै तराईका जिल्लामा बढी व्यापार हुने गरेको छ । चाडबाडबाहेक वैशाख, जेठ र असारमा केराको खपत बढी हुने गर्छ ।

बजारमा केराको मूल्य दर्जनमा १२० रूपियाँदेखि १५० रूपियाँसम्म रहेको छ । यस्तै स्याउ प्रतिकेजी १९० रूपियाँदेखि २५० रूपियाँसम्म रहेको छ । स्थानीय उत्पादनले बजारको माग धान्न नसक्दा स्याउ भने भारत र चीनबाट ल्याउनुपर्ने अवस्था छ ।

आयातमा कडाइ गरेपछि किसानहरु व्यावसायिक केरा खेतीमा आकर्षित हुँदा उत्पादन बढेको नेपाल केरा उत्पादक महासंघले जनाएको छ ।

स्थानीय उत्पादन बढेसँगै केरामा नेपाल आत्मनिर्भर भएको छ । सरकारले एक वर्षअघि केरा आयातमा कडाइ गरेपछि व्यावसायिक केरा खेती विस्तार भएसँगै नेपालकै उत्पादन पर्याप्त हुन थालेको हो ।

महासंघका अध्यक्ष विष्णुहरि पन्तले वार्षिक नौ लाख मेट्रिक टन केरा उत्पादन भएसँगै नेपाल आत्मनिर्भर भएको बताए । 'विगतका वर्ष दुई लाख मेट्रिक टन केरा अपुग भई बाहिरी मुलुकबाट आयात हुने गरेको थियो' उनले भने, "सरकारले आयातमा कडाइ गरेपछि नेपालमित्रै उत्पादन बढेपछि बजारका लागि पर्याप्त भएको छ ।" उहाँका अनुसार अहिले बजारमा सहजै स्यमा केराको आपूर्ति भइरहेको छ ।

सरकारले २०८२ असोज ६ गतेदेखि केराको आयातमा कडाइ गरेको थियो । आयातमा कडाइ गरेपछि केही समय प्रतिदर्जन तीन सय रूपियाँसम्म पुगेको केरा अहिले उत्पादन बढेसँगै मूल्य पनि घटेको छ ।

अध्यक्ष पन्तका अनुसार विगतका वर्ष बाहिरी मुलुकबाट सस्तो मूल्यमा केरा आयात हुँदा स्थानीय केराले मूल्य नपाएर कुहिएर जाने गरेकोमा यो वर्ष किसानले दर्जनमा ५० देखि ६० रूपियाँ मूल्य पाएका छन् । त्यस्तै विगतमा किसानले दुई सयदेखि तीन सय रूपियाँमा एक घरी केरा बेच्ने गरेकोमा अहिले छ रूपियाँसम्म बिक्री गरेका छन् ।

उत्पादन बढेसँगै दसैं, तिहार, छठमा स्वदेशी केराले नै बजार माग धानेको महासङ्घले जनाएको छ । केराको उत्पादन बढाएर आगामी दुई वर्षभित्रमा निर्यात गर्ने अवस्थामा पुग्ने अध्यक्ष पन्तको भनाइ छ ।

मुलुकभर १५ हजार हेक्टर क्षेत्रफलमा केरा खेती हुन्छ । पूर्वको झापादेखि पश्चिमको कन्चनपुरसम्म केरा खेती हुने गरेकोमा चितवन, नवलपरासी, बारा, पर्सा, दाङ र कन्चनपुरमा सबैभन्दा धेरै व्यावसायिक स्यमा केरा खेती हुने गरेको छ ।

**छठमा उखुको माग पनि उच्च**

आस्थाको महापर्व छठ नजिकिएसँगै सिरहाका बजार तथा सडक किनारमा उखु बिक्री गर्ने किसानहरुको चहलपहल बढेको छ । छठपर्वमा पूजाका लागि आवश्यक पर्ने उखु किन्न उपभोक्ताहरु बजार पुग्न थालेपछि किसानहरु बिक्रीमा व्यस्त भएका छन् ।

तराइका जिल्लाका विभिन्न बजार तथा मुख्य चोकमा किसानहरुले सडक किनारमै उखु राखेर बिक्री गरिरहेका छन् । पर्व नजिकिएसँगै किसानहरुले खेतबाट उखु काटेर बजारमा ल्याउन थालेका हुन् ।

छठपर्वमा अस्ताउँदो र उदाउँदो सूर्यदेवलाई अर्घ्य अर्पण गर्दा उखु चढाउने धार्मिक परम्परा रहेकाले यसको विशेष महत्व छ । यही कारण छठका बेला उखुको माग बढ्ने गरेको छ ।

## समाज

# बाँदरको हैरानीले किसान अदुवाखेतीतर्फ आकर्षित



भोजपुर/ भोजपुरमा बाँदरको समस्याका कारण परम्परागत खाद्यबाली खेती गर्न कठिन भएपछि किसान अदुवाखेतीतर्फ आकर्षित हुन थालेका छन् ।

बाँदरले मकै, कोदोलगायतका बालीमा क्षति पुऱ्याउने समस्या बढ्दै गएपछि किसानले अदुवा खेतीलाई वैकल्पिक आयआर्जनको माध्यम बनाउन थालेका हुन् ।

भोजपुर नगरपालिका-६ की किसान गीता खड्काले बाँदरको समस्या बढ्दै गएपछि अदुवाखेती गर्न थालेको बताइन् ।

जमिनमुनि गाँना हुने भएकाले अदुवा बाँदरबाट सुरक्षित बाली रहेको उनको भनाइ छ । व्यावसायिक स्यमा खेती गर्नसके अदुवाबाट परम्परागत खाद्यबालीभन्दा राम्रो आम्दानी लिन सकिने उनले बताइन् ।

बाँदरबाट खाद्यबाली जोगाउन कठिन हुने अवस्थामा अदुवाखेती तुलनात्मक स्यमा सहज हुने भएकाले आफू यसतर्फ आकर्षित भएको खड्काको भनाइ छ । बाँदरको हैरानीका कारण खेतीपातीमा समस्या भोगिरहेका किसानका लागि अदुवाखेती विकल्प बनेको उनले बताइन् ।

अर्की किसान सावित्रा पोखरेलले करिब डेढ रोपनी क्षेत्रफलमा अदुवाखेती गरिरहेकी छन् । अदुवाखेतीको क्षेत्र अझ विस्तार गर्ने लक्ष्य रहेको उनको भनाइ छ ।

बाँदरको समस्याका कारण अन्य खाद्यबाली लगाउन कठिन भएपछि अदुवा खेतीलाई प्राथमिकता दिएको पोखरेल बताउछिन् । अदुवाखेतीबाट राम्रो आम्दानी लिन सकिने सम्भावना देखेपछि यसको उत्पादनमा लागेको उनको भनाइ छ ।

अदुवा स्थानीय बजारमा प्रतिकिलो १०० रूपियाँदेखि १२० सम्ममा बिक्री हुने गरेको पोखरेलले बताइन् । अदुवालाई सुकाएर धुलो बनाई बिक्री गर्न सकिने भएकाले बजार व्यवस्थापनमा पनि खासै समस्या नरहेको उनको भनाइ छ ।

स्थानीय बजारमा राम्रो मूल्य पाउने र तथा धुलो बनाएर पनि बिक्री गर्न सकिने भएकाले नष्ट हुने सम्भावना कम रहेको पोखरेले बताइन् ।

ग्रामीण क्षेत्रमा बाँदरको बढ्दो समस्या कृषि उत्पादनका लागि चुनौती बन्दै गएको छ । खेतबारीमा लगाएको धान, मकै, कोदोलगायतका बाली नष्ट गर्ने भएकाले बाँदर किसानको मुख्य समस्याका स्यमा देखिएको छ ।

स्थानीयस्तरमा अदुवाको बजार मूल्य राम्रो रहेकाले यसको व्यावसायिक खेती विस्तार गर्न सके किसानको आयआर्जन बढाउन सकिने कृषि क्षेत्रका जानकारहरुको भनाइ छ ।

## प्रेरक भनाईहरु

१. तिमी अरुको भावनासँग कहिल्यै नखेल्नु, यस खेलमा तिमीले जित्न त जितौला तर त्यहा कसैलाई जीवनभर गुमाउने जोखिम हुन्छ । -शेक्सपियर, विलियम

१२. विश्वले दुःख भोग्नुको कारण खराब मानिसको आतंक नभइ असल मानिसको मौनता हो । — बोनापार्ट, नेपोलियन

३ म तिनीहरु प्रती आभारी छु जसले मलाई सहयोग गर्न अस्विकार गरे । यसैकारण आज म सबै आफैले गर्न सक्षम भएको छु । -आइन्स्टाइन, अल्बर्ट

४. जहिले पनि याद गर, सफल भएपै छोड्ने तिम्रो संकल्प नै सबैभन्दा महत्वपूर्ण कुरा हो । — लिंकन, अब्राहम

## विवादको घेरामा रास्वपाको चीन भ्रमण

# अब परिणाम देखाउनुपर्ने दबाब



◆ खगेन्द्र कार्की

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का २० सदस्यीय प्रतिनिधिमण्डल चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को निमन्त्रणामा १० दिने औपचारिक भ्रमणका लागि चीन प्रस्थान गरेसँगै नेपाली राजनीतिक वृत्तमा नयाँ बहस सुरू भएको छ । दुई देशबीचको राजनीतिक सम्बन्ध विस्तार, आर्थिक सहकार्य, विपद् व्यवस्थापन र विकासका अनुभव आदानप्रदान गर्ने उद्देश्यसहित अघि बढेको यो भ्रमणले कूटनीतिक महत्वसँगै राजनीतिक आलोचना पनि खेपिरहेको छ ।

विशेषगरी सत्तारूढ दलकै २० सांसद तथा नेताहरु एकैपटक विदेश भ्रमणमा निस्कनु, प्रतिनिधिमण्डल छनोटको आधार, भ्रमणको औचित्य र त्यसबाट प्राप्त हुने उपलब्धिबारे प्रश्न उठेका छन् । सामाजिक सञ्जालदेखि राजनीतिक वृत्तसम्म भ्रमणको पक्ष र विपक्षमा बहस भइरहेको छ । नयाँ राजनीतिक शक्तिका स्यमा उदाएको रास्वपाले सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रतिबद्धता व्यक्त गर्दै आएको अवस्थामा उसको विदेश भ्रमण पनि आलोचनाबाट अछुतो रहन सकेन ।

रास्वपाका महामन्त्री विपिनकुमार आचार्यले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै भ्रमणको मुख्य उद्देश्य दुई देशका सत्तारूढ राजनीतिक दलबीच सम्बन्ध विस्तार गर्नु रहेको बताएका छन् । उनका अनुसार चिनियाँ कम्युनिस्ट पार्टीले लामो समयदेखि रास्वपाको प्रतिनिधिमण्डललाई चीन भ्रमणको निमन्त्रण दिँदै आएको थियो । समय र कार्यतालिका अनुकूल भएकाले अहिले भ्रमण सम्भव भएको उनको भनाइ छ ।

भ्रमण तीन मुख्य विषयमा केन्द्रित रहने रास्वपाले जनाएको छ । पहिलो, चिनियाँ कम्युनिस्ट पार्टी र रास्वपाबीच राजनीतिक सम्बन्ध विस्तार तथा अनुभव आदानप्रदान । दोस्रो, प्राकृतिक विपद्पछिको उद्धार, राहत, पुनःस्थापना र व्यवस्थापनका क्षेत्रमा चीनले अपनाएका अभ्यासको अध्ययन । तेस्रो, व्यापार, व्यवसाय, लगानी तथा आर्थिक सहकार्यका सम्भावना पहिचान गर्ने ।

नेपाल भूकम्प, बाढीपहिरो तथा हिमाली क्षेत्रमा हुने प्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक हो । यस्तो अवस्थामा विपद् व्यवस्थापनमा चीनले हासिल गरेको अनुभव नेपालका लागि उपयोगी हुन सक्छ । त्यस्तै, पूर्वाधार, प्रविधि, औद्योगिकीकरण, पर्यटन र व्यापारका क्षेत्रमा चीनसँग सहकार्यका सम्भावना खोज्नु पनि स्वाभाविक हो । तर यी उद्देश्यलाई व्यवहारमा उतार्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्न महत्वपूर्ण छ ।

**आफ्नै पार्टीभित्रबाट उठे प्रश्न**

भ्रमणको सबैभन्दा चासोपूर्ण पक्ष भनेको आलोचना विपक्षी दलबाट मात्र नभई स्वयं रास्वपाकै सांसदहरुबाट समेत हुनु हो । सांसद आशिका तामाङले विदेश भ्रमणको औचित्य, खर्चको स्रोत र त्यसबाट प्राप्त हुने उपलब्धिबारे प्रश्न उठाएकी छन् । सांसदहरु कति पटक विदेश भ्रमणमा जाने, भ्रमणबाट देशले के पाउने र त्यसको विवरण जनतालाई किन स्पष्ट स्यमा नदिने भन्ने उनको प्रश्नले पार्टीभित्रै बहस सिर्जना गरेको छ ।

उनले विदेश भ्रमण फोटो खिच्ने र सामाजिक सञ्जालमा सामग्री सार्वजनिक गर्ने गतिविधिमा मात्र सीमित हुन नहुने आशय व्यक्त गरेकी छन् । उनको प्रश्नको मूल मर्म विदेश भ्रमण जनताको हित र राष्ट्रिय उपलब्धिसँग जोडिनुपर्छ भन्ने हो ।

त्यस्तै, प्रतिनिधिमण्डलमा सहभागी हुने व्यक्तिको छनोट प्रक्रियालाई लिएर पनि असन्तुष्टि सार्वजनिक भएको छ । नेपाल(चीन संसदीय मैत्री समूहमा रहेका केही सांसदलाई समेट्न नसकिएको तथा प्रतिनिधिमण्डलको छनोटमा पार्टीभित्रको पहुँच र निकटतालाई प्राथमिकता दिइएको भन्ने टिप्पणीसमेत भएका छन् । सांसद सागर ढकाललाई विशेष स्यमा टोलीमा समावेश गरिएको विषय पनि चर्चामा आएको छ । यद्यपि यी आरोप र टिप्पणीबारे पार्टीको आधिकारिक तथा विस्तृत स्पष्टीकरण आवश्यक छ ।

राष्ट्रिय महत्वको विषयमा विदेश जाने प्रतिनिधिमण्डल छनोट गर्दा स्पष्ट मापदण्ड, विषयगत दक्षता र समावेशितालाई आधार बनाउनुपर्ने आवाज यसै सन्दर्भमा उठेको हो । भ्रमणको उद्देश्य महत्वपूर्ण भए पनि त्यसलाई कार्यान्वयन गर्न सक्ने व्यक्तिको सहभागिता उत्तिकै आवश्यक हुन्छ ।

खर्च चीनले व्यहोर्ने, जवाफदेहिता कसको?

भ्रमणको खर्चसम्बन्धी विषय पनि आलोचनाको केन्द्रमा छ । महामन्त्री आचार्यले प्रतिनिधिमण्डलको भ्रमण खर्च चिनियाँ कम्युनिस्ट पार्टीले व्यहोर्ने र नेपालको राज्यकोषबाट कुनै खर्च नहुने स्पष्ट पारेका छन् । यसले राज्यकोषको प्रत्यक्ष खर्चसम्बन्धी प्रश्नलाई केही हदसम्म सम्बोधन गरे पनि सार्वजनिक जवाफदेहिताको प्रश्न भने बाँकी रहन्छ ।

विदेशी राजनीतिक दलको निमन्त्रणामा हुने भ्रमण कूटनीतिक सम्बन्ध विस्तारको अभ्यास हुन सक्छ । तर सत्तारूढ दलका सांसदहरु सहभागी भएकाले उनीहरुले गर्ने छलफल र व्यक्त गर्ने धारणाले नेपालको राष्ट्रिय हितसँग पनि सम्बन्ध राख्छ । त्यसैले खर्च कसले व्यहोरेको छ भन्ने मात्र होइन, भ्रमणको प्रकृति, कार्यक्रम, भेटघाट र छलफलका विषय पनि पारदर्शी हुनुपर्छ ।

**प्रधानमन्त्री र सभापतिको निर्देशन**

भ्रमणलाई लिएर आलोचना बढेपछि प्रधानमन्त्री बालेन्द्र शाह र पार्टी सभापति रवि लामिछानेले प्रतिनिधिमण्डलका सदस्यहरुसँग छलफल गरी भ्रमणलाई उद्देश्यमूलक बनाउन निर्देशन दिएका छन् ।

प्रधानमन्त्रीले चीनसँगको आर्थिक सम्बन्ध, पूर्वाधार, व्यापार, पर्यटन, लगानी तथा बीआरआईसँग सम्बन्धित विषयमा नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर छलफल गर्न सुझाव दिएका छन् । विगतमा भएका सहमति र कार्यान्वयनमा रहेका आयोजनाबारे पनि गम्भीर छलफल गर्नुपर्ने उनको जोड रहेको समाचारमा उल्लेख छ ।

त्यस्तै, सभापति लामिछानेले भ्रमणको मूल उद्देश्यमा केन्द्रित रहन, पार्टीको मर्यादा र आचारसंहिता पालना गर्न तथा अनावश्यक विषयमा प्रवेश नगर्न निर्देशन दिएका छन् । नेतृत्व तहबाटै उद्देश्यमूलक भ्रमण बनाउन निर्देशन आउनुले भ्रमणप्रति पार्टीको संवेदनशीलता देखाउँछ ।

उपलब्धिले नै प्रमाणित गर्नुपर्छ औचित्य

नेपालको परराष्ट्र नीतिमा चीन महत्वपूर्ण छिमेकी तथा विकास साझेदार हो । चीनसँगको सम्बन्धलाई थप सुदृढ बनाउनु नेपालको हितमा हुन सक्छ । तर राजनीतिक दलबीचको सम्बन्ध विस्तार राज्य( राज्यबीचको औपचारिक कूटनीतिक सम्बन्धको विकल्प बन्न सक्दैन । त्यसैले पार्टीगत संवादलाई राष्ट्रिय नीति र विकासका प्राथमिकतासँग जोड्नु आवश्यक छ ।

रास्वपाको यो भ्रमण सफल भयो वा भएन भन्ने मूल्यांकन स्वागत, भेटघाट र तस्बिरका आधारमा मात्र हुनु हुँदैन । भ्रमणबाट के सिकियो, कुन क्षेत्रमा सहकार्यको सम्भावना पहिचान भयो, नेपालका लागि के उपलब्धि हासिल भयो र त्यसलाई कार्यान्वयन गर्न के पहल गरियो भन्ने कुराले यसको सफलता निर्धारण गर्नेछ ।

प्रतिनिधिमण्डल फर्किएपछि भ्रमणको विस्तृत प्रतिवेदन सार्वजनिक गर्नु आवश्यक छ । भ्रमणमा भएका छलफल, सहकार्यका सम्भावना, खर्चको विवरण र आगामी कार्ययोजना जनतासामु प्रस्तुत गर्नुपर्छ । सांसदहरुले आफूले सिकेका विषयलाई संसद् र सम्बन्धित सरकारी निकायमा समेत उठाउनुपर्छ ।

अन्ततः चीन भ्रमण आफैंमा उपलब्धि होइन, त्यसबाट प्राप्त हुने परिणाम नै वास्तविक उपलब्धि हो । २० सदस्यीय प्रतिनिधिमण्डलले चीनबाट फर्किँदा केवल अनुभव र तस्बिर मात्र होइन, नेपालका लागि उपयोगी ज्ञान, सहकार्यका ठोस प्रस्ताव र कार्यान्वयनयोग्य योजना ल्याउन सक्यो भने आलोचनाको जवाफ स्वतः मिल्नेछ । अन्यथा यो भ्रमण पनि औपचारिक भेटघाट र राजनीतिक पहुँचका अर्को शृङ्खला सीमित हुने जोखिम छ । अहिले जनताको चासो एउटै छ(रास्वपाका २० सांसद चीनबाट के लिएर फर्कन्छन ?

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अगाडीदेखि नै तपाईहरुको सेवामा
समर्पित यस ममंत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इन्भर्टर सबै प्रकारका सोलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, टोरिडड मेशिन सबै मोटर, पंखा, फ्रिज, AC वाशिङ मेशिन, काँटा मुलम दरमा ग्यारेन्टीका साथ ममंत गरिन्छ ।
साथै यहाँ अईर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर सबै तथार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्ट-पार्टस, रेकर्डेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हरिपटलमा प्रयोग हुने सबै सामानहरु ममंत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका रेकर्डेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९,०२३-५८३१४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखधरचोक, झापा
छापावाल सुन बिक्री दर 2,70,700/
चाँदी बिक्री दर 3,615/-
हिजोको सुनचाँदीको दरभाउ
मिति: २०८३ कार्तिक २९
शुद्धताको ग्यारेन्टीसहित यहाँ आधुनिक तथा पौराणिक आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरु बनाउनुका साथै शुरुप मूल्यमा खरिद-बिक्री गरिन्छ ।
सुरक्षित सेफ लकरको आवश्यकता परेमा पनि हामीलाई सम्झाउनुहोला ।
सम्पर्क: ९८५९९९६३१५ (9815996315)

## दैनिक राशिफल

आज मिति
२०८३ साल
कार्तिक ३० गते
सोमबार
16 Nov. 2026
तिथि: सप्तमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : वचावपस मोड, सजगताथा आचल नि.गा., उदर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

**मेष** चु चे लो ला लि लँ ले लो अ
पिताजीबाट सहयोग ।
घरायसी सामान जोडिने ।

**वृष** इ उ ए ओ वा वि वु वे वो
शुभकर्ता गर्ने दिन ।
सरकारबाट सहयोग ।

**मिथुन** का कि कु घ ङ छ के को हा
आमालाई पीडा हुन सक्ने ।
व्यवसायबाट लाभ ।

**कर्कट** चु चे लो ला लि लँ ले लो अ
प्रेमामा सफल ।
व्यवसायबाट लाभ ।

**सिंह** मा मि मु मे मो टा टि टु टे
शरिरका अंगामा समस्या ।
कृषि कार्यबाट लाभ ।

**कन्या** टो प पी पँ ष ण ठ पे पो
विद्यामा रुचि ।
सन्तानबाट सहयोग ।

**तुला** हि हु हे हो डा डि डु डे डो
मातासो सहयोग ।
सवारी साधन जोडिने सम्भावना ।

**वृश्चिक** तो ना नि नँ ने नो या यि यु
पराक्रमले धन लाभ ।
भाईबैनीबाट सहयोग ।

**धनु** य यो भा भी भ धा फा ढ भे
बोलीमा सुधार ।
सामान्य धन लाभ ।

**मकर** भो जा जी खि खु खे खो गा गी
पाहुना सत्कार गर्ने दिन ।
कार्यमा सफल ।

**कुम्भ** मैं गे गो सा सी सँ से सो द
खर्च बढ्ने ।
मित्रबाट सहयोग ।

**मीन** दि दु थ झ ञ दे दो चा ची
आफन्तबाट सहयोग ।
कार्यमा सफल ।



**नाम्लिङ्गेक लारिङ्गेक** : किरात याक्थुङ चुम्लुङ दमक नगर समितिले आयोजना गरेको बलिहाङ तङनाम २०८३ को नाम्लिङ्गेक लारिङ्गेक । शुभदिपावलीको शुभकामना आदन प्रदान तथा नाम्लिङ्गेक लारिङ्गेक कार्यक्रममा चुम्लुङका कलकारहरू आफ्नो संस्कृति प्रश्तुत गर्दै ।

फैलिँदो लागुऔषध तस्करी

# ११ करोडको हेरोइनसहित भारतीय नागरिक पक्राउ

**दमक/** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब २२ करोड रूपैयाँ बजार मूल्य बराबरको ५ किलो ५ सय ग्राम सेतो हेरोइनसहित एक भारतीय नागरिक पक्राउ परेका छन् । भारतको महाराष्ट्र निवासी ५२ वर्षीय रेवाज तिघरीलाई लागुऔषध नियन्त्रण ब्युरोले पक्राउ गरेको हो । उनी गत कात्तिक २८ गते थाइल्याण्डबाट काठमाडौं आएका थिए ।

विमानमार्ग हुँदै लागुऔषध ओसारपसार हुन सक्ने आशंकामा शंकास्पद यात्रुको निगरानी र प्रोफाइलिङ गर्ने क्रममा उनी प्रहरीको नियन्त्रणमा परेका हुन् । प्रहरीले उनको साथबाट बरामद गरेको हेरोइनको बजार मूल्य करिब २२ करोड रूपैयाँ रहेको जनाएको छ । सार्वजनिक विवरणअनुसार हेरोइनलाई खरायो र बिरालोको खानाका प्याकेटभित्र लुकाएर ल्याइएको थियो । प्रहरी अनुसन्धानले उनी अन्तर्राष्ट्रिय लागुऔषध कारोबारको सञ्जालसँग जोडिएको हुन सक्ने देखाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

यो घटना नेपालमा अन्तर्राष्ट्रिय लागुऔषध तस्करीको सञ्जाल कति गहिरो र संगठित बन्दै गएको छ भन्ने कुराको एउटा उदाहरण हो । पछिल्लो समय लागुऔषध कारोबारीले परम्परागत ओसारपसारका तरिकासँगै प्रविधि र विभिन्न व्यापारिक तथा यातायात सेवाको दुरूपयोग गर्न थालेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

**विमानस्थलदेखि स्थलमार्गसम्म तस्करीको जालो**

नेपाल लागुऔषध ओसारपसारका लागि अन्तर्राष्ट्रिय सञ्जालले प्रयोग गर्न सक्ने संवेदनशील भौगोलिक अवस्थिति भएको मुलुक हो । खुला सीमा, अन्तर्राष्ट्रिय विमानस्थल, व्यापारिक नाका र यातायातको सहज पहुँचका कारण लागुऔषध नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको छ ।

विमानमार्गबाट यात्रुलाई भरियाका रूपमा प्रयोग गर्ने, व्यापारिक सामान तथा खाद्यवस्तुमा लुकाएर ओसारपसार गर्ने र कुरियर तथा कार्गो सेवाको दुरूपयोग गर्ने घटना सार्वजनिक भइरहेका छन् । यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको कार्गोमार्फत विदेशबाट आएको कपडाको प्याकेटमा गाँजा लुकाइएको घटनामा एक नाबालिगलाई प्रयोग गरिएको थियो । प्रहरीले अनुसन्धानपछि त्यसमा संलग्न व्यक्तिलाई समेत पक्राउ गरेको थियो ।

स्थलमार्गबाट हुने कारोबारमा पनि नयाँ शैली देखिएको छ । लागुऔषध नियन्त्रण ब्युरोको अनुसन्धानलाई उद्धृत गर्दै सार्वजनिक भएको पछिल्लो विवरणअनुसार तराईका विभिन्न जिल्लाबाट काठमाडौं ल्याइने ब्राउन हेरोइन खाद्यान्न तथा अन्य सामानसँग सम्बन्धित ढुवानीमा लुकाएर ओसारपसार हुने गरेको पाइएको छ । पछिल्लो समय संगठित समूहले यातायातका साधन र अन्य व्यक्तिको सहयोगसमेत प्रयोग गर्ने गरेको प्रहरीको भनाइ छ ।

**राइड सेयरिङ र कुरियर सेवाको दुरूपयोग**

लागुऔषध कारोबारको अर्को चिन्ताजनक पक्ष यसको वितरण प्रणालीमा प्रविधिको प्रयोग बढ्नु हो । पछिल्लो अनुसन्धानमा विक्रेता र खरिदकर्ताबीच प्रत्यक्ष भेटघाट नगरी राइड सेयरिङ तथा डेलिभरी सेवामार्फत लागुऔषध पुऱ्याउने प्रवृत्ति देखिएको छ । प्रहरीका अनुसार कतिपय कारोबारमा अनलाइन माध्यमबाट सम्पर्क र डिजिटल भुक्तानी हुने गरेको छ । यसले कारोबारमा संलग्न मुख्य व्यक्तिको पहिचान र सञ्जालसम्म पुग्न अनुसन्धानकर्तालाई थप चुनौती सिर्जना गरेको छ ।

कुरियर तथा पार्सल सेवाको दुरूपयोग पनि अन्तर्राष्ट्रिय स्तरमा देखिएको समस्या हो । संयुक्त राष्ट्रसंघीय लागुऔषध तथा अपराधसम्बन्धी कार्यालय (यूएनओडीसी) र अन्य अन्तर्राष्ट्रिय निकायले सीमामा हुने जाँचलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउँदै आएका छन् । नेपालमा पनि विमानस्थल र स्थल नाकामा लागुऔषध पहिचान गर्ने उपकरण तथा प्राविधिक क्षमता विस्तार गर्नुपर्ने आवश्यकता देखिएको छ ।

# कटेरोमा आगलागी ७ लाख बढीको क्षति

**दमक/** दमक १ स्थित गुमानसिंह सम्बाहाम्फेको कटेरोमा आगलागी हुदाँ ७ लाख ५० हजार मूल्यको धनमाल क्षति भएको छ । आइतवार विहान ५बजेतिर घर नजिकैको कटेरोमा आगलागी हुदाँ उनको १० वटा च्याबुङ, लिम्बूका गरगहना, लुगाफाटा, दराज,अन्नपात गरि उक्त मूल्य बराबरका भौतिक सामाग्रीहरू जलेर नष्ट भएको हो ।

पीडित सम्बाहाम्फेका अनुसार काठपात,बाँस लगायतका संरचनाबाट निर्मित कटेरोमा विहान पख अचानक आगलागी भएको थियो । कटेरामा भण्डारण गरिएका अन्नपात, च्याबुङ वाजा, च्याबुङ नाँचिदा लगाईने गरगहनाहरू, वेषभूषाहरू जल्न पुगेको थियो । उनले च्याबुङ टोली तयार गरि व्यवसायिक रूपमा सेवा दिदैआएका थिए ।

आगलागी कसरी लाग्यो पहिचान हुन सकेको छैन् । आगलागी बारूणयन्त्र ,स्थानीयको सहयोगमा नियन्त्रणमा आएको थियो । आगलागीका घटनाका बारेमा इलाका प्रहरी कार्यालय दमकमा लिखीत जाहेरी दिएको उनले बताए ।

पूर्व भारतीय सैनिक सामाजिक अगुवा सम्बाहाम्फे लिम्बू जातिय संस्था किरात याक्थुङ चुम्लुङ दमकका पूर्व नगर अध्यक्षको जिम्मेवारी निर्वाह गरिसकेका छन् भने आधा दर्जन जति लिम्बूजन्य सामाजिक संघसंस्थाहरूमा आवद्ध रहि अझै क्रियाशील छन् ।

# मोरङ कांग्रेसको जिल्ला सभापतिमा तीन जनाको दाबी

**दमक/** नेपाली कांग्रेसको मोरङ जिल्ला अधिवेशन मंसिर १ गते विराटनगरमा हुने भएको छ । जिल्ला अधिवेशनबाट नयाँ नेतृत्व चयनका लागि तयारी अघि बढाइएको निर्वाचन समितिले जनाएको छ ।

संस्थापनइतर समूहले विराटनगरस्थित जैन भवनमा अधिवेशन गर्ने निर्णय गरेको हो । निर्वाचन समिति सदस्य रुपेश कोइरालाका अनुसार जिल्लाका सबै क्षेत्रमा क्षेत्रीय अधिवेशन सम्पन्न भइसकेकाले जिल्ला अधिवेशन गर्न लागिएको हो ।

अधिवेशनमा ४ हजार २ सय प्रतिनिधि सहभागी हुने बताइएको छ । नियमित महाधिवेशन आयोजक समितिका संयोजक डा. शशांक कोइरालाले अधिवेशन उद्घाटन गर्ने कार्यक्रम रहेको छ । जिल्ला अधिवेशनपछि कोशी प्रदेश अधिवेशन हुने नेता केदार कार्कीले जानकारी दिए ।

जिल्ला सभापतिका लागि मुख्यतः विनायक पन्त, खेम थापा र सुभाष पौडेलबीच प्रतिस्पर्धा हुने देखिएको छ । तीनै जनाले सभापतिमा दावेदारी प्रस्तुत गरेका छन् । अधिवेशनबाट नेतृत्व चयन गर्दा सर्वसम्मतिको प्रयास गरिने बताइएको छ ।

यसअघि मोरङका सबै वडा तथा क्षेत्रीय अधिवेशन सम्पन्न भइसकेका छन् । क्षेत्रीय अधिवेशनबाट मोरङ क्षेत्र नम्बर १ मा सोम तिम्सिना, २ मा काशिराज साह, ३ मा धनबहादुर बस्नेत, ४ मा प्रवेश विश्वास, ५ मा शिवनारायण सिंह र ६ मा विजय चौधरी क्षेत्रीय सभापतिमा निर्वाचित भएका थिए ।

सभापतिका प्रत्याशीमध्ये थापा विद्यार्थी तथा युवा राजनीतिबाट कांग्रेसको जिल्लास्तरीय राजनीतिमा उदाएका नेता हुन् । उनी सामाजिक गतिविधिमा समेत सक्रिय रहँदै आएका छन् । पन्त पनि लामो समयदेखि पार्टी राजनीति र सामाजिक कार्यमा संलग्न छन् । पौडेल भने पार्टीको तल्लो तहमा सक्रिय रहँदै जिल्लास्तरमा परिचय बनाएका पुराना नेता हुन् ।

जिल्ला अधिवेशनले नयाँ सभापतिसहित कार्यसमिति चयन गर्नेछ । नेतृत्व चयनमा सहमति जुटाउने प्रयास सफल नभए निर्वाचन प्रक्रियाबाट नयाँ नेतृत्व चयन हुनेछ ।

खेलकुद

# दोस्रो झापा महिला गोल्डकपमा तीन देशका आठ टोली भिड्ने

**बिर्तामोड/** दोस्रो संस्करणको एक्स्ट्रिम झापा महिला गोल्डकप फुटबल प्रतियोगितामा प्रतिस्पर्धा गर्ने आठ टोलीको टुङ्गो लागेको छ । प्रतियोगिता यही मंसिर ५ गतेदेखि सञ्चालन हुँदैछ । झापाको शिवसताक्षी-११ स्थित दुधे रंगशालामा सञ्चालन हुने प्रतियोगितामा नेपाल, भारत र भुटानका टोली सहभागी हुने भएको आयोजक झापा महिला गोल्डकपका अध्यक्ष सन्तोष थोप्रा लिम्बूले जानकारी दिए ।

उनका अनुसार प्रतियोगितामा नेपालका तीन विभागीय टोली नेपाल पुलिस फुटबल क्लब, सशस्त्र प्रहरी बलको एपिएफ फुटबल क्लब र त्रिभुवन आर्मी फुटबल क्लबले सहभागिता जनाउनेछन् ।

त्यस्तै, झापा-११ फुटबल क्लब, भारत नयाँ दिल्लीको एभी फुटबल क्लब, भुटानको थिम्पु राभेन महिला फुटबल क्लब, पोखराको आरएस पोखरा फुटबल क्लब र सर्लाहीको बागमती युथ क्लबले प्रतिस्पर्धा गर्ने अध्यक्ष थोप्राले बताए ।

मंसिर १२ गते हुने फाइनल खेलको विजेताले नगद ११ लाख रूपैयाँ, ट्रफी र मेडल तथा उपविजेताले नगद ५ लाख ५० हजार रूपैयाँ, ट्रफी र मेडल प्राप्त गर्नेछन् । गत संस्करणको तुलनामा यसपटक विजेताको पुरस्कार राशी ९० हजार र उपविजेताको ५० हजार रूपैयाँले वृद्धि गरिएको हो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक लाख ५० हजार रूपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । त्यस्तै, उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, प्रशिक्षक र सर्वाधिक गोलकर्तालाई जनही २५ हजार रूपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिताको पहिलो संस्करणको उपाधि नेपाल पुलिस फुटबल क्लबले जितेको थियो । यसपटक भारत र भुटानका टोलीको सहभागिताले प्रतियोगितालाई थप प्रतिस्पर्धात्मक र अन्तर्राष्ट्रियस्तरको बनाउने अपेक्षा आयोजकले गरेको छ ।

अध्यक्ष थोप्राका अनुसार बिक्री हुने प्रत्येक टिकटबाट १० रूपैयाँ आदिवासी दृष्टिविहीन तथा अटिजम भएका बालबालिकाको सहयोगमा खर्च गरिनेछ । खेलका लागि १०० रूपैयाँदेखि ५०० रूपैयाँ टिकट दर राखिएको छ । एक हजार रूपैयाँको भिआइपी टिकट कायम गरिएको छ ।

दर्शक व्यवस्थापनलाई व्यवस्थित बनाउन मैदानको पूर्वतर्फ ग्याल्भनाइज्ड स्टिलका पाइप, क्ल्याम्प तथा कप्लर प्रयोग गरी बलियो अस्थायी प्यारापिट निर्माण गरिएको छ । प्रत्येक खेलमा करिब ७ हजार दर्शक अटाउन सक्नेगरी प्यारापिट निर्माणको व्यवस्था मिलाइएको छ ।

# उपमहानगर सभापतिमा कार्की चयन

**इटहरी/** नियमित महाधिवेशन पक्षधर (देउवा पक्षीय) नेपाली कांग्रेसले इटहरी उपमहानगरदेखि वडासम्म नयाँ नेतृत्व चयन गरेको छ । इटहरीस्थित राधाकृष्ण मन्दिरको सभाहलमा सम्पन्न नगर अधिवेशनबाट सन्तोष कार्की नगर सभापतिमा सर्वसम्मत निर्वाचित भएका छन् ।

अधिवेशनले नगर उपसभापतिमा अञ्जन तामाङ र पेशला अधिकारी तथा सचिवमा घनश्याम बरालेलाई चयन गरेको छ । सहसचिवमा दीपक गौतम र महिला सहसचिवमा सीता पुरी सर्वसम्मत निर्वाचित भएका छन् ।

नगर कार्यसमितिसँगै इटहरीका २० वटै वडाका सभापति तथा सदस्यहरू चयन गरी प्रमाणपत्र वितरण गरिएको जिल्ला संयोजक एवम् कार्यक्रमका प्रमुख अतिथि सन्दीप श्रेष्ठले जानकारी दिए ।

वडा नम्बर १ को सभापतिमा खगेन्द्र राई, २ मा मञ्जु पराजुली, ३ मा गणेश दाहाल, ४ मा सुनील तिम्सिना, ५ मा यादव श्रेष्ठ, वडा नम्बर ६ को सभापतिमा बबलु कर्ण, ७ मा बाइदी शेर्पा, ८ मा सूर्यनारायण शाह, ९ मा ज्ञानेन्द्र भण्डारी, १० मा देवी बराल, ११ को सभापतिमा अब्दुल जाकिर, १२ मा राजकुमार सरदार, १३ मा रूपादेवी ढुङ्गाना, १४ मा विक्रम मगर, १५ मा जितेन्द्र सरदार चयन भएका छन् ।

त्यसैगरी वडा नम्बर १६ मा अनुराग कार्की, १७ मा गौरव चौधरी, १८ मा योगराज ओझा, १९ मा रामकुमार सरदार र २० मा कमलप्रसाद दाहालले वडा सभापतिको जिम्मेवारी पाएका छन् ।

नवनिर्वाचित अधिकांश वडा सभापति तथा नगर प्रतिनिधि यसअघि नेपाली कांग्रेसको १५ औं महाधिवेशन प्रक्रियामा विभिन्न पदका आकांक्षी रहे पनि अवसर नपाएका व्यक्ति हुन् ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
घजाटमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

***उदाउँदो*****.....**अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवको आराधना गरिएको थियो । उक्त समयमा पाण्डव विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् भनिएको छ । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरूआत भएको जनविश्वास गरिन्छ ।

छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । केही दशकअघिसम्म तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रियस्वरूप ग्रहण गरेको छ । जनकपुर, विरगंज, लहान, राजविराज, मलंगवा, जलेश्वर, सिमरालगायतका शहरमा छठको विशेष रौनक छाएको थियो ।

***सहिदलाई*****.....**पूर्वमुख्यमन्त्री उद्धव थापा, पूर्वकेन्द्रीय सदस्य सुधीर शिवाकोटी, अग्रज नेता डिल्लीप्रसाद सिटौला, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, झापा क्षेत्र नम्बर १ का क्षेत्रीय सभापति इन्द्र बुढाथोकी, क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति गीताप्रसाद भट्टराई तथा पूर्व जिल्ला उपसभापति राम कट्टेललगायतले वधाई तथा सफल कार्यकालको शुभकामना दिएका छन् । जिल्ला उपसभापति शेरबहादुर भट्टराई र नेपाल प्रेस युनियन झापाका अध्यक्ष गिरिराज भट्टराईसहितको टोलीका साथ गृह जिल्ला घुमेका सिटौलाले सहिद र अग्रज नेताहरूको सम्मानलाई आफ्नो राजनीतिक यात्राको महत्वपूर्ण पक्षका रूपमा लिएको बताएका छन् ।

***तमोर*****.....**र फाकफोकथुम गाउँपालिकाका किसानले उत्पादन गरेका कृषि तथा स्थानीय सामग्री राँके बजारमा बिक्रीका लागि ल्याउने गरेका छन् । अकबरे खुर्सानी र यसको अचार, तरकारी, आलु, फलफूल, छुर्पी, घिउ, चिया तथा जडीबुटी यहाँका प्रमुख स्थानीय उत्पादन हुन् । राजमार्गमा आधारित व्यापार घटे पनि यहाँका स्थानीय उत्पादन तराई, काठमाडौं र भारतका बजारसम्म पुग्ने गरेको बजार व्यवस्थापन समितिका अध्यक्ष विष्टले बताए ।

विपतको पूर्व तयारीमा जुटौं

❖ आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
❖ जोखिमयुक्त गाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
❖ घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
❖ विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
❖ अफवाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं ।
विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ दुर प्याकेज तथा मनि ट्रान्सफर।IME को सुविधा
Pre-Purchased fare "Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com